# स्थानीय तह निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७३

(निर्वाचन आयोगबाट स्वीकृत मिति: २०७३।१२।१७)

स्थानीय तह निर्वाचन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३ मा संशोधन : स्थानीय तह निर्वाचन नियमावली, २०७३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) खण्ड (क) बमोजिम विवरण प्राप्त भएपछि जिल्लाभित्रका निर्वाचन अधिकृतसँग समन्वय गरी जिल्लाभरका मतदान केन्द्रका लागि आवश्यक पर्ने मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी तथा सहयोगी कर्मचारीको नियुक्ति र खटन-पटन गरी सोको विवरण सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,"

(२) खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थपिएका छन् :-

"(ख१) आयोगबाट प्राप्त मतपत्र बुझी सम्बन्धित मतदान अधिकृतलाई बुझाउने,

(ख२) मतदानको दिन आवश्यक संख्यामा घुम्ती टोली खटाई मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने वा गराउने,

(ख३) जिल्ला भित्रका गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला तथा दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको लागि मतपत्रको व्यवस्था मिलाउने,"

३. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उपनियम (१) को,-

(१) खण्ड (च) र (झ) को सट्टा देहायका खण्ड (च) र (झ) राखिएका छन् :-

"(च) सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि निर्वाचन तथा मतदान सम्बन्धी प्रक्रियाको विषयमा आयोजना गरिने तालीम कार्यक्रममा सरिक हुने,

(झ) मतदानको दिन मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने,"

(२) खण्ड (ण) मा रहेको "आयोगमा" भन्ने शब्दको सट्टा "सम्बन्धित जिल्ला वा क्षेत्रीय निर्वाचन कार्यालयमा" भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (घ), (ङ) र (छ) झिकिएका छन् ।

४. <u>मूल नियमावलीको नियम ६ मा संशोधन</u> : मूल नियमवलीको निमय ६ को,-

(१) खण्ड (ग) मा रहेका “गाउँपालिका वा नगरपालिकाले” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले” भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (छ) मा रहेका “गाउँपालिका वा नगरपालिकाले” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले” भन्ने शब्दहरु राखिएका छन् ।

५ <u>मूल नियमावलीको नियम १४ मा संशोधन</u> : मूल नियमावलीको नियम १४ को उपनियम (४) मा रहेका “मनोनयनपत्रको दर्ता नम्बरको आधारमा पहिले मनोनयनपत्र दर्ता गर्ने उम्मेदवारलाई प्राथमिकता दिने गरी” भन्ने शब्दहरुको सट्टा “नामको वर्णानुक्रमको आधारमा” भन्ने शब्दहरु राखिएका छन्

६ <u>मूल नियमावलीको नियम ३५ मा संशोधन</u> : मूल नियमावालीको नियम ३५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

“(१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा आफूले गर्नुपर्ने काम गर्न अनुसूची-२४ बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ । त्यसरी मतदान प्रतिनिधि नियुक्त गर्दा एकै दलको तर्फबाट उम्मेदवार भएका सबै उम्मेदवारले समन्वय गरी एउटा मतदान केन्द्रमा एकजना मात्र मतदान प्रतिनिधि नियुक्त गर्नु पर्नेछ । स्वतन्त्र उम्मेदवारको हकमा सम्बन्धित उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधिले आपसमा समन्वय गरी एउटा मतदान केन्द्रमा सम्भव भएसम्म एकजना मात्र मतदान प्रतिनिधि नियुक्त गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।”

७. <u>मूल नियमावलीको अनुसूची-१ मा संशोधन</u> : मूल नियमावलीको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ :-

“अनुसूची-१

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**उम्मेदवारको मनोनयनपत्र**

**(प्रस्तावकले भर्ने)**

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
.................... गाउँपालिका/नगरपालिका/जिल्ला समन्वय समिति,
.................... जिल्ला ।

.................... जिल्लाको .................... गाउँपालिका/नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/ उपप्रमुख/वडा अध्यक्ष/सदस्य/महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि श्री........................................ लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण निम्न बमोजिम छ :-

१. नाम, थर :-....................
जन्ममिति :-....................उमेर :-........ वर्ष लिङ्ग :- पुरुष/महिला/अन्य
ठेगाना :-.....................................................

२. शैक्षिक योग्यता :-.........................

३. पिता/माताको नाम :-.......................................

४. पति/पत्नीको नाम, थर :- ....................................

५. मतदाता नामावलीमा मतदाता क्रमसङ्ख्या :- ......................
गाउँपालिका/नगरपालिका .............................. वडा नं.............
जिल्ला :-.......................................

.............................. जिल्लाको .............................. गाउँपालिका/नगरपालिका वडा नं............/गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको मतदाता नामावलीमा मेरो नाम समावेश छ र अन्य विवरण निम्न बमोजिम छ :-

१. नाम, थर :-....................
उमेर :-............. वर्ष लिङ्ग:- पुरुष/महिला/अन्य
ठेगाना :-..................................................... सम्पर्क नं.:-......................

२. पिता/माताको नाम :-.......................................

३. पति/पत्नीको नाम, थर :- ...............................

४. मतदाता नामावलीमा मतदाता क्रमसङ्ख्या :-......................

५. सदस्य रहेको गाउँसभा/नगरसभाको नाम ...... (जिल्ला समन्वय समितिको हकमा मात्र)

मिति :- सहिछाप :- ......................

प्रस्तावक

**(समर्थकले भर्ने)**

प्रस्तावक श्री.............................. ले माथि उल्लेख गरे बमोजिम........................ जिल्लाको.................... गाउँपालिका/नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/ उपप्रमुख/वडा अध्यक्ष/सदस्य/ महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि श्री.............................. लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु ।

....................... जिल्लाको .................... गाउँपालिका/नगरपालिका वडा नं........... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको मतदाता नामावलीमा मेरो नाम समावेश छ र अन्य विवरण निम्न बमोजिम छ :-

१. नाम, थर :-....................

उमेर :-............. वर्ष लिङ्ग:- पुरुष/महिला/अन्य

ठेगाना :-.........................................................सम्पर्क नं.:-................

२. पिता/माताको नाम :-.......................................

३. पति/पत्नीको नाम, थर :- .......................................

४. मतदाता नामावलीमा मतदाता क्रमसङ्ख्या :-......................

५. सदस्य रहेको गाउँसभा/नगरसभाको नाम ...... (जिल्ला समन्वय समितिको हकमा मात्र)

मिति :- सहिछाप ......................

समर्थक

**(मनोनीत उम्मेदवारले भर्ने)**

मलाई श्री .................................. ले प्रस्ताव गरी उम्मेदवार मनोनयन गरे बमोजिम स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम .................जिल्लाको..................... गाउँपालिका/नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/ उपप्रमुख/वडा अध्यक्ष/सदस्य/ महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि उम्मेदवार हुन मेरो मञ्जुरी छ ।

(क) म नेपालको संविधानप्रति पूर्ण निष्ठावान् रहनेछु ।

(ख) निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिताको पालना गर्नेछु ।

(ग) स्थानीय तह निर्वाचन ऐन, २०७३ र प्रचलित कानून बमोजिम ............ जिल्लाको ............... गाउँपालिका/नगरपालिका वडा नं. ..... /गाउँ कार्यपालिका/नगर कार्यपालिका/जिल्ला समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/प्रमुख/ उपप्रमुख/वडा अध्यक्ष/सदस्य/महिला सदस्य/दलित महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचनको लागि उम्मेदवार हुन मेरो योग्यता पुगेको छ ।

(घ) संविधान, ऐन तथा यस नियमावली बमोजिम उम्मेदवार हुन अयोग्य रहेको छैन ।

(ङ) संविधानको धारा २९१ विदेशको स्थायी आवासीय अनुमतिपत्र लिएको छैन ।

(च) गाउँपालिका वा नगरपालिका (साविक गाउँ विकास समिति वा नगरपालिका समेत) लाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको छु तथा गाउँपालिका वा नगरपालिकासँग ठेक्का पट्टा वा चलअचल सम्पत्ति सम्बन्धी व्यवहारमा संलग्न रहेको छैन । (गाउँपालिका वा नगरपालिकाको सदस्यको उम्मेदवारको हकमा) ।

(छ) जिल्ला समन्वय समिति (तत्कालीन जिल्ला विकास समिति समेत) मा बुझाउनु पर्ने सबै नगदी वा जिन्सी बुझाइसकेको छु तथा जिल्ला समन्वय समितिसँग ठेक्का पट्टा वा चलअचल सम्पत्ति सम्बन्धी व्यवहारमा संलग्न रहेको छैन (जिल्ला समन्वय समितिको निर्वाचनको हकमा) ।

(थ) सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने कुनै लाभको पद धारण गरेको छैन ।

(द) यो मनोनयनपत्र साथ निम्नलिखित कागजात संलग्न गरेको छु :-

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा (वडा अध्यक्ष र वडा सदस्य पदको लागि),

(३) सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा (दलित महिला वडा सदस्य पदको लागि),

(४) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा (अध्यक्ष, उपाध्यक्ष, प्रमुख र उपप्रमुखको लागि),

(५) सम्बन्धित गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा (गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको लागि),

(६) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा (गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि),

(७) सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा (गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि),

(८) सम्बन्धित जिल्ला भित्रका गाउँसभा वा नगरसभाको सदस्य रहेको निस्सा (जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्य पदको लागि),

(९) ...................नामको राजनीतिक दलले प्रदान गरेको उम्मेदवार मनोनयनको औपचारिक पत्र (राजनीतिक दलको उम्मेदवारको हकमा),

(१०) स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६२ को उपदफा (१)/स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ३२ को उपनियम (१) बमोजिम रु.................. (अक्षरेपी.....................) धरौटी राखेको...................... बैंकको भौचर निर्वाचन अधिकृतको कार्यालयमा नगद धरौटी राखेको.......... नं. को नगदी रसीद ।

(ध) मेरो विवरण निम्न बमोजिम रहेको छ :-

१. नाम, थर :-....................

जन्ममिति :-....................उमेर :-........ वर्ष लिङ्ग :- पुरुष/महिला/अन्य

ठेगाना :-.......................................................

२. शैक्षिक योग्यता :-.........................

३. पिता/माताको नाम :-......................................

४. पति/पत्नीको नाम, थर :- ....................................

५. मतदाता नामावलीमा मतदाता क्रमसङ्ख्या :- ......................
गाउँपालिका/नगरपालिका ............................. वडा नं............
जिल्ला :-......................................

६. सम्पत्ति विवरण
(क) घर संख्या :-
(ख) घर रहेको स्थान :-
(ग) जग्गाको विवरण (जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं, कि.नं., क्षेत्रफल):-
(१) ..................................................................................
(२) ................................................................................
(४) ....................................................................................
(५) ..................................................................................

मिति :-

मनोनीत उम्मेदवारको,-
सहिछाप :-...........................
नाम, थर :-..........................
सम्पर्क टेलिफोन/मोबाइल नं.:-...........................

**(निर्वाचन अधिकृतले भर्ने)**

यो मनोनयनपत्र मिति...................... को दिन............. बजे मनोनीत उम्मेदवार/प्रस्तावक/मनोनीत उम्मेदवारको वारिस श्री ............................... ले मेरो समक्ष दाखिला गरेको हो ।

दस्तखत :-...............................
निर्वाचन अधिकृत

**निर्णय**

(निर्णयको संक्षिप्त व्यहोरा) ........................................................................................
........................................................................................................................
.............................................................................................................

मिति :-.
समय :-
स्थान :-”

दस्तखत :-...........................
निर्वाचन अधिृकत

आज्ञाले,